२०८० असार २२ गते माङसेबुङ गाउँपालिकाको कार्यालय इभाङमा भएको दोश्रो सार्वजनिक सुनुवाई कार्यक्रमको सवाल जवाफ :

| प्रश्नकर्ताको नाम तथा ठेगाना | सहभागीको प्रश्न, सल्लाह, सुझाव तथा गुनासो | जवाफ दिने पदाधिकारीको नाम तथा पद | संक्षिप्त जवाफको ब्यहोरा |
|---|---|---|---|
| सुवास बस्नेत माङसेबुङ-२ | विद्यालयको अनुगमन र निरीक्षण प्रभावकारी गर्नुपर्छ । रकमको सदुपयोग खासै भएको छैन ।<br><br>न्यायिक समितिमा सहज रुपमा उजुरी गर्ने व्यवस्था गर्नुपर्छ । | बुद्धिप्रसाद खतिवडा प्रमुख, शिक्षा शाखा<br><br>विनोद नेम्बाङ गाउँपालिका उपाध्यक्ष | विद्यालयको अनुगमन प्रभावकारी र नियमित गरिनेछ । समस्या समाधानका लागि नीति कार्यक्रममा पनि समेटिएको छ । एसईईको नतिजा पनि भर्खरै आएको छ । नतिजा विश्लेषण गरी आगामी रणनीति बनाइनेछ । सुझाव संकलन भइरहेको छ, निरन्तरता दिइनेछ ।<br>न्यायिक समितिमा उजुरी प्रशासक युवराज खनाललाई तोकिएको छ । सहज रुपमा उजुरी दिने व्यवस्था छ । भवन अभावका कारण इजलास बनाउन सकिएको छैन । आगामी दिनमा कोसिस गरिनेछ । |
| रेवतकुमार श्रेष्ठ माङसेबुङ-१ | नेवार समुदायको भीमसेनथान मन्दिर र भुलभुले सामुदायिक विकास समितिमार्फत खेलकुद गतिधिका लागि सहयोग चाहियो । | हेमन्त राई गाउँपालिका अध्यक्ष | भीमसेनथान मन्दिरका लागि यो वर्ष बजेट अभावका कारण सकिएन ।  आगामी वर्ष सहयोग गरिनेछ ।<br>खेलकुदका लागि पालिकास्तरीय युवा तथा खेलकुद विकास समिति गठन भएको छ । साथै सामुदायकि संस्था र क्लबहरुलाई समेत सहयोग गर्ने गरिएको छ । फेरीपनि सहयोग गरिनेछ । |
| निर्मला निरौला कार्की माङसेबुङ-२ | स्वास्थ्य स्वयम् सेविका नियुक्त गर्ने मापदण्ड र प्रक्रिया के छ? प्रतिवेदन राम्ररी नपुर्‍याएको हो कि?<br><br>गाईवस्तुमा घाँस, खोले नरुचाउने समस्या छ । फोका आएको छ । लम्पी स्किन नै हो?<br>बाख्राको खुरमा घाउ आएको, औषधि लगेको निको भएन । | प्रदिपकुमार राई प्रमुख, स्वास्थ्य शाखा<br><br>मनोज ठगुन्ना प्रमुख पशुसेवा शाखा | स्वास्थ्य स्वयम् सेविका नियुक्त त्यहाँको आमा समूहको बैठककौ निर्णय अनुसार हुन्छ । आमा समूहको नियमित बैठकका नआउनेले राजिनामा दिन्छन् । त्यहाँ नयाँ नियुक्त हुन्छ । सम्बन्धित वडाअध्यक्ष वडा समितिको संयोजक हुने भएकाले त्यहाँ बुझ्नुहोला । मासिक प्रतिवेदन स्वस्थ्य संस्था मार्फत आउने गर्छ । त्यहाँ सबै प्रतिवेदनको एकीकृत हुने गर्दछ ।<br>लम्पी स्किन रोग नै हो । त्यसको ठ्याक्कै औषधि छैन । रोगथामका लागि उपचार गर्नुपर्छ । समस्या भए घरैमा आएर उपचार गर्नेछौं ।<br>बाख्राको रोग नियन्त्रणका लागि औषधि उपलब्ध छ, लान सक्नुहुनेछ । |

| | | | |
|---|---|---|---|
| | महिला स्वयम् सेविकालाई निशुल्क स्वास्थ्य विमा गर्नुपर्छ । | हेमन्त राई गाउँपालिका अध्यक्ष | अघिल्लो वर्षकै नीतिमा थियो, तर बजेट अभावले सकिएन । आगामी वर्षको नीतिमा राखेका छौं, कार्यान्वयन गर्छौ । |
| ठाकुरप्रसाद गड्तौला माङसेबुङ-२ | माङसेबुङ २ र १ जोड्ने फेवाखेलामा पुल छैन । झोलुङ्गे पुलबाट वारपार गर्नुपरेको छ । यसको वैकल्पिक उपाय छ कि छैन? | हेमन्त राई गाउँपालिका अध्यक्ष | फेवाखोलामा पक्की पुल नभएर समस्या छ । गाउँपालिकाको श्रोतले नभ्याउने भएकाले प्रदेश र संघीय सरकारसँग पहल भइरहेको छ ।<br>खोला फिँजाएर आवतजावत गर्ने बाहेक विकल्प छैन, त्यो गाउँपालिकाले गर्नेछ । |
| आइन्द्र योङहाङ माङसेबुङ-३ | आफ्नो काम गर्न समेत असक्षम कमृचारी गाउँपालिकाले कस्तो र कसरी नियुक्त गर्छ । | विनोद चौहान प्रमुख प्रशासकीय अधिकृत | तोकिएको कार्यविधिलाई नै टेकेर कर्मचारी नियुक्ति गरिन्छ । सैद्धान्तिक र व्यवहारिक दुवै परिक्षा हुनेपर्ने तर नेपाल सरकारले कर्यविधि बनाएकाले पालिकाले केही गर्न सकिदैन । |
| भूमिका खड्का माङसेबुङ-१ | स्वास्थ वीमा गर्ने अभिकर्ताको अभावमा जेष्ठ नागरिकहरुको समेत स्वास्थ्य वीमा नविकरण हुन सकेन । यसको व्यवस्थापन कसले गर्छ ?<br>एम्बुलेन्स सेवा जेष्ठ नागरिक, विपन्न र अपाङ्गका लागि छुट गर्नुपर्छ । | हेमन्त राई गाउँपालिका अध्यक्ष | स्वास्थ्य विमा अभिकर्ता नियुक्त गर्नका लागि वडाबाटै प्रक्रिया हुन्छ । वडामा छलफल गर्नुहोला, हामी निर्देशन पनि दिन्छौं ।<br>हाम्रो नीति तथा कार्यक्रमबाट जेष्ठ नागरिक, सुत्केरी र अपाङ्गता भएकाहरुलाई निशुल्क एम्बुलेन्स सेवा दिने निर्णय गरेका छौं । आउँदो साउनदेखि त्यो लागू हुन्छ । |